कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित तथा उद्योग विभागबाट इजाजत पत्र प्राप्त

# एसवाई प्यानल नेपाल लिमिटेड
# SY Panel Nepal Limited

रजिष्टर्ड कार्यालय : काठमाण्डौं महानगरपालीका, वडा नं. ३२, तिनकुने, काठमाण्डौ, उद्योग कार्यालय :रत्ननगर नगरपालिका, वडा नं. १४, चितवन,

फोन न.: ०१-४१११७०४, इमेल : synepal34@gmail.com , वेभसाइट : www.synepal.com

## उद्योग प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरु निमित्त साधारण शेयर निष्काशन तथा बिक्री बन्द गरिएको बारे सूचना

एसवाई प्यानल नेपाल लिमिटेडले आफ्नो जारी पूँजी रु.१,३०,८१,३७,१००।- (एक अर्ब तिस करोड एकासी लाख सैतिस हजार एक सय) को ४०% अर्थात् ५२,३२,५४८ (बाउन्न लाख बत्तिस हजार पाँच सय अठ्चालीस) कित्ता साधारण शेयर सर्वसाधारणको लागि निष्काशन गर्नेछ। जस मध्ये यस विवरण मार्फत जारी पूँजीको २% अर्थात रु.२,६१,६२,७००/- (दुई करोड एकसठ्ठी लाख बासठ्ठी हजार सात सय) रकम बराबरको रु.१०० अंकित दरका २,६१,६२७ कित्ता साधारण शेयर उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि मिति २०८२ असोज ०७ गते मंगलबारदेखि सर्वसाधारणमा निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा माग गरे भन्दा बढि शेयर खरीदका लागि आवेदन प्राप्त हुन आएकोले **आज मिति २०८२ असोज २१ गते मंगलबार** (बैंकिङ्ग समय पश्चात्) सो शेयरका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गर्दछौं।

यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण संकलन केन्द्रहरुले यसै सूचनालाई आधिकारीक मानि साधारण शेयरका लागि दरखास्त बुझिलिने कार्य **आज मिति २०८२ असोज २१ गते मंगलबार** (बैंकिङ्ग समय पश्चात्) बन्द गर्नुहुन अनुरोध गदछौं।

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण संकलन केन्द्रहरु, शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, नियमन निकाय तथा सम्बन्धित सबै निकायहरुमा धन्यवाद ज्ञापन गर्दैछौं।

| आयोजना प्रभावित क्षेत्र | छुट्टाइएको शेयर संख्या | पुँजी रकम (रु) |
|---|---|---|
| प्रभावित क्षेत्र : चितवन जिल्ला रत्ननगर नगरपालिका सम्पूर्ण वडाहरु | २,६१,६२७ | २,६१,६२,७००/- |
| जम्मा | २,६१,६२७ | २,६१,६२,७००/- |

| | | | |
|---|---|---|---|
| दरखास्त दिनुपर्ने न्युनतम कित्ता : | १० कित्ता | दरखास्त दिन पाउने अधिकतम कित्ता : | ५०,००० कित्ता |

**दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु. १००/- प्रति शेयरको दरले**

| सि.नं. | विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना |
|---|---|
| १. | प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं, नेपाल, वेवसाइट : www.prabhucapital.com फोन नं.– ०१- ४१६९१००, ०१-५९७०२०० |
| २. | श्री एसवाई प्यानल नेपाल लिमिटेड, तिनकुने, काठमाण्डौं वेवसाइट :www.synepal.com |
| ३. | नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुरको वेवसाइट, www.sebon.gov.np |
| **सि.नं.** | **दरखास्त फारम प्राप्त गर्न र बुझाउने स्थान : उद्योग स्थापित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि देहाय बमोजिमका स्थानहरुबाट भौतिक रुपमा दरखास्त फारम लिने व्यवस्था गरिएको छ :** |
| १. | १. श्री एसवाई प्यानल नेपाल लिमिटेड, रत्ननगर नगरपालिका, वडा नं. १४, चितवन।<br>२. प्रभु क्यापिटल लिमिटेडको कमलादी तथा यस क्यापिटलले निर्माण गरिएको अनलाईन https:// ipoapply.prabhucapital.com लिङ्क मा गई आवेदन दिन सक्नेछन्।<br>३. प्रभु बैंक लिमिटेड सौराहा शाखा, चितवन।<br>४. प्रभु बैंक लिमिटेड टांडी शाखा, चितवन। |
| | **उद्योग रहेको क्षेत्रका स्थानीय बासिन्दाले शेयर खरीद आवेदन प्राप्त गर्नका लागि दरखास्त फारम वापत रु.२/-(दुई रुपैया) शुल्क बुझाउनु पर्नेछ।** |

**कम्पनीको नेटवर्थ सम्बन्धी विवरण**

| विवरण | वास्तविक | | | अपरिष्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| प्रति शेयर आम्दानी रु. | ३.०७ | ४.८७ | ५.३५ | ८.८१ | ९.२१ | १०.४३ | १३.५४ |
| प्रति शेयर नेटवर्थ रु. | ९६.६३ | १०१.२८ | १०६.६१ | ११५.४२ | ११७.४६ | १२७.८० | १४१.२४ |
| संचित नाफा नोक्सान | (२२,४०६,९५२) | १०,०१०,७७१ | ५१,८८८,९८९ | १२१,०३३,४१७ | २२८,३४४,५६५ | ३६३,६७३,१६३ | ५३९,४३८,६२३ |

### क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण :

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (सातौं संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्युअर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लिमिटेड डिल्लीबजार ,काठमाडौंबाट इस्युअर रेटिङ्ग गराई [ICRANP-IR] BB+ (Pronounced ICRA NP Issuer Rating double B Plus) रेटिङ्ग प्राप्त गरेको छ। [ICRANP-IR] BB+ ले "Considered to have Moderate Risk of Default in the Timely Servicing of Financial Obligations" रहेको जनाउँदछ। जसले कम्पनीको समयमै वित्तीय दायित्व पूरा गर्न मध्यम सुनिश्चितता रहेको जनाउंछ। ईक्रा नेपाल लिमिटेडले [ICRANP-IR ] AAA देखि [ICRANP-IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड ICRANP-IR]AAA ले बलियो आधार जनाउँछ, [ICRANP - IR] D ले कमजोर आधार जनाउँदछ भने रेटिङ्ग संकेत पछाडी रहने (जोड) वा (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितिलाई जनाउँदछ।

रेटिङ्ग ग्रेड प्रदान गरेको मितिः २०८२/०५/३१ रेटिङ्ग ग्रेड बहाल रहने अवधि २०८३/०५/३०

**लगानी कर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं।**

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि मिति २०८२ भदौ २१ गतेको "नयाँपत्रिका" राष्ट्रिय दैनिकमा प्रकाशित आव्हान-पत्र वा निष्काशन कम्पनीको वेभसाइट www.synepal.com, नेपाल धितोपत्रवोर्डको वेभसाइट www.sebon.gov.np अथवा निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइट www.prabhucapital.com मा रहेको विवरण पत्र हेर्नुहुन अनुरोध गर्दछौं।

**यस विवरणपत्र मार्फत निष्काशन भएका शेयरहरु मध्ये आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि बिक्री वितरण गरेको शेयर सर्वसाधारणका लागि निष्काशन गरिएको शेयर बाँडफाँट भएको मितिले तीन वर्ष पूरा नभए सम्म अरु कसैलाई कई बिक्री वा हस्तान्तरण गर्न पाइने छैन।**

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक**

PRABHU CAPITAL
(A Subsidiary of Prabhu Bank Limited)

## प्रभु क्यापिटल लिमिटेड

**कमलादी, काठमाडौं, नेपाल, फोन नं.: ०१-४१६९१००, ५९७०२००**

Email : info@prabhucapital.com, Web: www.prabhucapital.com